नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाडौं

## खरिद कार्यमा सहभागी हुन रोक लगाएको सूचना

**प्रकाशित मिति : २०७६।०४।२१ गते**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, हुलाकी सडक निर्देशनालय, टेकु, काठमाडौंले रमण-पप्पु जे.भी., जनकपुर-९, धनुषालाई कालोसूचीमा राख्न भनी मिति २०७६।०३।२० मा यस कार्यालयमा लेखी आएकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७६ असार २३ गते हुलाकी राजमार्ग निर्देशनालयको मिति २०७६।०३।१२ र २०७६।०३।१७ का निर्णयहरू यथास्थितिमा राख्नु भनी आदेश जारी भएको र पुन: २०७६।०४।१५ मा **"मिति २०७६।०३।२३ मा भएको अन्तरकालीन आदेशलाई निरन्तरता दिनु नपर्ने"** भनी आदेश जारी भएको अवस्था र पत्रसाथ संलग्न कागजातहरू अध्ययन गर्दा निज निर्माण व्यवसायीलाई तत्काल अन्य खरिद कार्यको जिम्मेवारी दिंदा प्रतिकूल प्रभाव पर्न सक्ने सम्भावना देखिएकाले यस कार्यालयको मिति २०७६।०४।२० को निर्णयानुसार रमण-पप्पु जे.भी., जनकपुर-९, धनुषालाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को उपनियम (२) बमोजिम सो निर्माण व्यवसायीको कालोसूची सम्बन्धी कारबाही प्रक्रिया यस कार्यालयबाट टुङ्गो नलागेसम्म सार्वजनिक निकायको नयाँ खरिद कार्यमा भाग लिन नपाउने गरी रोक लगाइएको व्यहोरा सम्बन्धित सबै सार्वजनिक निकायहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।